**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# नेपाली नाटकको इतिहास, प्रमुख धारा र प्रवृत्ति

**इन्द्रप्रसाद तिमल्सेना**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Indra Prasad Timalsena Email: indralaxmi76@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.79996*

**लेखसार**

*नेपाली नाटक साहित्यले समाज, राजनीति, संस्कृति र मानव मनोविज्ञानको सजीव चित्रण गर्छ । यसले दृश्य, संवाद र अभिनयमार्फत दर्शकमा प्रत्यक्ष प्रभाव पार्दछ । नेपाली नाटकको आरम्भ संस्कृत साहित्यबाट प्रभावित रही शक्तिबल्लभ अर्यालद्वारा वि.सं. १८५५ मा भएको मानिन्छ । प्राथमकि कालका नाटकहरू धार्मिक, शिक्षामूलक र अनुवादप्रधान थिए । माध्यमिक चरणमा मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्ग्यालजस्ता लेखकहरूले यथार्थपरक र भावनात्मक पक्षलाई उजागर गर्न थाले । वि.सं. १९८६ मा बालकृष्ण समको मुटुको व्यथा बाट आधुनिक युग सुरु भई, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा आदिले मौलिकता, प्रयोगशीलता र मानवीयला मुल्यलाई थप्ने काम गरे । यस अनुसन्धानले नेपाली नाटकको विकासलाई तीन कालखण्ड-प्राथमिक, माध्यमिक र आधुनिक कालमा विभाजन गरी मनोविश्लेषणात्मक, यथार्थवादी, प्रतीकात्मक र अस्तित्ववादी आदि धाराहरुको विश्लेषण गरेको छ । गोविन्द मल्ल गोठाले, विजय मल्ल, अशेष मल्ल, सरुभक्त, गोपाल पराजुली आदिका नाटकहरूमा मानसिक द्वन्द्व, बिम्ब, प्रतीक र चेतनप्रवाह शैलिको प्रयोग देखिन्छ । नाटक केवल साहित्य नभई दृश्य प्रभाव, मञ्चीय प्रयोग र सामाजिक चेतनाको संयोजन हो । यस अनुसन्धानले नेपाली नाटकको ऐतिहासिक विकास, प्रवृत्ति र सैद्धान्तिक पक्षलाई समेटेको छ साथै नेपाली नाटक सांस्कृतिक उत्थानको महत्वपूर्ण कडी समेत भएको पुष्टि गर्दछ ।*

**मुख्य शब्द :** नेपाली नाटक, कालविभाजन, ऐतिहासिक विधि, यथार्थवाद, प्रयोगवाद, मनोविश्लेषणात्मक दृष्टिकोण, त्रिआयामिक अभिनेयता

**विषय प्रवेश**

नाटक साहित्यको त्यो विधा हो जसले मानिसको जीवनका विविध पक्षहरूलाई दृश्य, श्रव्य र अभिनयको माध्यमबाट दर्शकसामु प्रत्यक्ष प्रस्तुत गर्छ । साहित्यका अन्य विधाहरूजस्तै कविता, आख्यान, निबन्ध आदि लेखिएर पढिन्छन् भने नाटक लेखिएर मात्र होइन, अभिनय गरेर दर्शकसामु प्रदर्शन गरिन्छ । यही गुणले गर्दा नाटकलाई त्रिआयामिक अभिनेय विधा भनिन्छ । यसमा संवाद, अभिनय र मञ्चसंयोजनको प्रभावकारी प्रयोग गरिन्छ जसले गर्दा नाटक सबैभन्दा जीवन्त साहित्यिक विधा बनेको छ ।

नेपालमा नाटकको इतिहास निकै पुरानो भएतापनि यसको व्यवस्थित रूपले विकास वि.सं. १८५५ मा शक्तिबल्लभ अर्यालले लेखेको हास्यकदम्ब नाटकबाट सुरु भएको मानिन्छ । प्रारम्भमा नेपाली नाटक संस्कृत भाषाका शास्त्रीय नाटकहरूसँग प्रेरित थियो । संस्कृत नाटकहरूलाई नेपाली भाषामा अनुवाद गर्ने कामले नेपाली नाटकको शैशवकाल आरम्भ गऱ्यो। यसपछि क्रमशः नेपाली समाजको यथार्थ, विचार, आदर्श र मनोविज्ञान नाटकको विषय बन्न थाले । विशेषतः आधुनिक कालमा पुगेपछि नेपाली नाटकले विविध प्रवृत्तिहरू–मनोविश्लेषण, प्रयोगवाद, यथार्थवाद, प्रतीकवाद जस्ता सैद्धान्तिक धाराहरू अँगाल्दै व्यापक विस्तार पाएको छ ।

भाषा, समाज, संस्कृति र साहित्य एकअर्कासँग गहिरो रूपमा गाँसिएका हुन्छन् । भाषा मानिसको भावनाको अभिव्यक्तिको प्रमुख साधन हो भने साहित्य त्यसै भाषाबाट सिर्जना गरिने कलात्मक र सशक्त साधन हो । साहित्य समाजको ऐना हो भन्ने मान्यतालाई आधार मान्ने हो भने नाटक त्यो ऐनाको चलायमान रूप हो । यसले समाजको तत्कालीन अवस्था, जनता, शासन, र विचारधारालाई समयानुकूल ढंगले प्रस्तुत गर्छ ।

नाटक साहित्यको एक विशिष्ट विधा हो, जसले मानव अनुभव, सामाजिक संरचना र सांस्कृतिक मूल्यहरूलाई दृश्य, श्रव्य र अभिनयात्मक माध्यममार्फत प्रत्यक्ष रूपमा प्रस्तुत गर्दछ । अन्य साहित्यिक विधाहरू प्रायः पाठ आधारित भएर पाठकको कल्पना शक्तिमा निर्भर हुन्छन्, तर नाटक भने पाठ, अभिनय र दृश्य संयोजनको त्रैविधिक प्रयोगद्वारा दृश्यात्मक प्रभाव सिर्जना गर्न सक्षम हुन्छ । यही कारणले नाटकलाई **"त्रिआयामिक अभिनेय विधा"** को संज्ञा दिइएको हो (उपाध्याय, २०६१) । यस विशेषताका कारण नाटक केवल पाठकका लागि नभई प्रत्यक्षदर्शी दर्शकका लागि पनि सशक्त सम्प्रेषणको माध्यम बन्न पुगेको छ । नेपाली नाटकको प्रारम्भिक विकास संस्कृत शास्त्रीय परम्पराबाट प्रेरित देखिन्छ । तथापि, शक्तिबल्लभ अर्यालद्वारा वि.सं. १८५५ मा रचित हास्यकदम्ब लाई आधुनिक नेपाली नाटकको आरम्भिक कोसेढुंगा मानिन्छ (पोखरेल, २०३१) । प्रारम्भिक चरणमा धार्मिक र पौराणिक आख्यानहरूमा आधारित नाटकहरू नै प्रमुख रहे तापनि समयक्रममा समाजका यथार्थ पक्षहरू, मानवीय मनोदशा र सामूहिक चेतनाको अभिव्यक्तिप्रति नाटक झुक्न थालेको देखिन्छ (भट्टराई, २०६१) । यथार्थको चित्रणमा नाटकको सोधीखोजी दृष्टिकोणले यसलाई समाज परिवर्तनको संवाहक माध्यमका रूपमा स्थापित गरेको पाइन्छ । आधुनिक

कालमा प्रवेश गरेसँगै नेपाली नाटकमा यथार्थवाद, प्रतीकवाद, प्रयोगवाद र मनोविश्लेषणात्मक प्रवृत्तिहरूको प्रवेश भएको देखिन्छ (गौतम, २०६७) । यी प्रवृत्तिहरूले नाटकलाई केवल मनोरञ्जनको साधनबाट अगाडि बढाउँदै चिन्तन, विमर्श र वैचारिक हस्तक्षेपको विधामा रूपान्तरित गरेका छन् । दृश्य, संवाद र शिल्पमा आएको यो विविधता नाटकलाई समसामयिक सामाजिक, राजनीतिक तथा मनोवैज्ञानिक विमर्शसँग अन्तसंवाद गर्न सक्ने बनाउँछ (पोखरेल, २०७५) । नाटक भाषाको कलात्मक प्रयोग मात्र नभई समाज, संस्कृति र समयको चलायमान दस्तावेज पनि हो । साहित्यलाई समाजको ऐना मान्ने सैद्धान्तिक अवधारणा अनुसार, नाटक त्यो ऐनाको जीवन्त प्रतिबिम्ब हो, जसले समय, सत्ता, विचार र वर्गीय संरचनाहरूलाई अभिनयद्वारा प्रत्यक्ष आलोचित गर्दछ (उप्रेती, २०६०) । यसैले नाटकको अध्ययन केवल साहित्यिक विमर्शको विषय नभई सामाजिक अध्ययनको पनि महत्वपूर्ण अङ्ग हो । नेपाली साहित्यको ऐतिहासिक विकासक्रममा कालविभाजनको सैद्धान्तिक आधारले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । विभिन्न विद्वानहरू: जस्तै श्रेष्ठ, (२०६५), पोखरेल (२०३१), र भट्टराई (२०६१) द्वारा प्रस्तुत साहित्यिक कालखण्डहरूले प्रवृत्ति, शिल्पगत रूपान्तरण र विचारधारात्मक परिवर्तनहरूको अध्ययनलाई सुलभ बनाएको छ । यस्तै पद्धतिलाई अनुसरण गरी नाटक विधाको विश्लेषण गर्दा प्रवृत्तिगत बहुवचनता र विषयगत गहिराइ सहज रूपमा प्रकट हुन्छ । समकालीन नेपाली नाटकले अब केवल दर्शकको मनोरञ्जनको सीमामा सीमित नरही सामाजिक चेतना, शिक्षण प्रक्रिया र सांस्कृतिक पहिचानको निर्माणमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ (गौतम, २०५८) । विशेषत: पछिल्लो पुस्ताका नाटककारहरूले दार्शनिक, मनोवैज्ञानिक र राजनीतिक विमर्शलाई नाटकमा एकीकृत गर्दै समाजप्रतिको कलात्मक उत्तरदायित्वलाई बलियो बनाएका छन् । यस अनुसन्धानले नेपाली नाटकको ऐतिहासिक विकास, प्रमुख धाराहरू, प्रवृत्तिहरू र नाटककारहरूको साहित्यिक योगदानलाई ऐतिहासिक एवम् समालोचनात्मक दृष्टिकोणबाट परीक्षण गर्ने उद्देश्य राखेको छ । विशेषत: समकालीन नेपाली नाटकमा अभिव्यक्त सामाजिक सन्देश, विचारधारात्मक बहस र दृश्यात्मक शिल्पको अन्तर्क्रियामार्फत नेपाली साहित्यमा नाटकको बहुआयामिक भूमिकाको परीक्षण यो लेखको केन्द्रमा रहनेछ (वाग्ले, २०२४) । यसरी नाटकले समाजको बहुआयामकि दृष्टिकोणलाई पाठक र दर्शकका सामू प्रस्तुत गरेको हुन्छ ।

यस अनुसन्धान लेखमा नेपाली नाटकको इतिहास, विकासक्रम, प्रमुख धारा, प्रवृत्ति र प्रतिभाहरूलाई ऐतिहासिक तथा समालोचनात्मक दृष्टिकोणबाट विश्लेषण गरिएको छ । प्रारम्भिक नाटकहरू मुख्यतया धार्मिक र पौराणिक कथाहरूमा आधारित थिए भने पछि सामाजिक यथार्थ र मानिसको मानसिक अवस्था चित्रण गर्न थालियो। वर्तमानमा नाटक केवल मनोरञ्जनको साधन मात्र नभई सामाजिक, मनोवैज्ञानिक र दार्शनिक सन्देश दिने एक प्रभावकारी माध्यम बन्न पुगेको छ । नाटक केवल शब्दको खेल नभई दृश्यको प्रयोग हो । यसले भावना, विचार र क्रियाको समन्वय गर्छ । यिनै कारणहरूले गर्दा नाटक शिक्षण, सामाजिक जागरण, जनमत निर्माण, र सांस्कृतिक परिचयको सशक्त माध्यम बनेको छ । प्रस्तुत

लेखमा नेपाली नाटकको ऐतिहासिक कालविभाजन अनुसार विश्लेषण गर्दै त्यसमा देखिएका प्रमुख प्रवृत्तिहरू, धारा र नाटककारहरूको योगदानलाई व्यवस्थितरूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**अध्ययन विधि र प्रक्रिया**

यस अनुसन्धान लेखको उद्देश्य नेपाली नाटकको ऐतिहासिक विकासक्रम, धारागत विविधता, र सृजनात्मक प्रवृत्तिहरूको गहिरो अध्ययन गर्नु हो । त्यसका लागि अनुसन्धानमा प्रयोग भएका अध्ययन विधिहरू विविध छन् । यस लेखमा प्रयोग गरिएका प्रमुख अध्ययन विधिहरू निम्न प्रकार छन् :

**ऐतिहासिक अध्ययन विधि :**

यस लेखमा प्रमुख अध्ययन विधिको रूपमा ऐतिहासिक अध्ययन विधि अपनाइएको छ । नाटक साहित्य आफैँमा समय-सापेक्ष विधा भएकाले यसको विश्लेषण त्यसको उद्गमदेखि विकाससम्मको क्रमसँग जोडिएको हुन्छ । ऐतिहासिक विधिले नाटकको कालगत विकास, प्रमुख मोडहरू, र प्रत्येक कालको विशेषता बुझ्न सहयोग गर्दछ । कालविभाजनका आधारमा शक्तिबल्लभ अर्यालदेखि गोविन्द मल्ल गोठाले, अभि सुवेदीसम्मको कालक्रमिक अध्ययन ऐतिहासिक दृष्टिकोणबाट गरिएको छ । यसले प्रत्येक युगको सामाजिक, सांस्कृतिक तथा राजनैतिक परिवेश अनुसार नाटकको स्वरूप कसरी परिवर्तन भएको छ भन्ने विषयमा स्पष्टता ल्याउँछ ।

**तुलनात्मक विश्लेषण :**

यस विधिमा विभिन्न कालखण्डका नाटकहरूबीच तुलना गरिएको छ। उदाहरणका लागि, 'मसान' र 'भूसको आगो' नाटकको तुलनाबाट सामाजिक यथार्थ र मनोविश्लेषणात्मक दृष्टिकोणको भिन्नता उजागर गरिएको छ । यसले समयको प्रवाहसँगै नाटकको अभिव्यक्ति, दृष्टिकोण र प्रवृत्तिमा कसरी रूपान्तरण आयो भन्ने देखाउँछ ।

**सन्दर्भ ग्रन्थ विश्लेषण :**

दयाराम श्रेष्ठ, बालकृष्ण पोखरेल, शरद शर्मा, मोहनराज शर्मा, अभि सुवेदी, केशवप्रसाद उपाध्याय, आदि विद्वानहरूको ग्रन्थलाई अनुसन्धानको आधार बनाइएको छ । यिनका माध्यमबाट प्राचीनदेखि समकालीन नेपाली नाटकको ऐतिहासिक रूपरेखा, सैद्धान्तिक आधार, र प्रवृत्तिहरू बुझ्न सकिन्छ ।

**अध्ययनको परिसीमा**

यो अनुसन्धान विशेषत: नेपाली भाषामा लेखिएका नाटकहरूमा केन्द्रित छ । विषयवस्तुमा एकाग्रता राख्न अध्ययनको सीमा निर्धारण गर्नु आवश्यक हुन्छ । यस लेखमा प्रयोग गरिएका सीमाहरू निम्न प्रकार छन् ।

**भाषागत सीमा :**

अनुसन्धानमा नेपाली भाषामा लेखिएका मौलिक र अनुवादित नाटकहरू मात्र समेटिएका छन् । अन्य भाषाबाट नेपालीमा अनुवाद भएका नाटकलाई आधार बनाएर मात्र विश्लेषण गरिएको छ। अंग्रेजी, हिन्दी वा अन्य विदेशी भाषाका नाटकहरू स्वतन्त्र रूपमा समावेश गरिएका छैनन् ।

**कालगत सीमा :**

अध्ययनको कालसीमा वि.सं. १८५५ देखि हालसम्म (वि.सं. २०८१) सम्मको नाटकहरूमा केन्द्रित छ । प्रारम्भिक कालदेखि आधुनिक कालसम्म नेपाली नाटकमा देखिएका धाराहरूको प्रतिनिधि कृतिहरू समावेश गरिएको छ ।

**विषयगत सीमा :**

नाटकहरूको सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, प्रयोगवादी र यथार्थवादी पक्षहरूको अध्ययनमा केन्द्रित गरिएको छ । वैज्ञानिक, बालनाटक वा शैक्षिक नाटकहरू यस अनुसन्धानमा समेटिएका छैनन् ।

**मञ्चन पक्ष :**

नाटकहरूको मञ्चन र निर्देशन पक्ष सामान्य रूपमा मात्र उल्लेख गरिएको छ । विस्तृत रंगमञ्च विश्लेषण, अभिनय विधि वा नाट्य प्रयोगशालासम्बन्धी गहन अनुसन्धान गरिएको छैन ।

## पूर्वकार्यको पुनरावलोकन

नेपाली नाटकको अध्ययन गर्दा पहिला भएका विद्वानहरूको दृष्टिकोण, अनुसन्धान, र कालविभाजनलाई विचार गर्नु अत्यावश्यक हुन्छ । यस खण्डमा निम्न बुँदामा आधारित पुनरावलोकन गरिएको छ:

**कालविभाजन सम्बन्धी दृष्टिकोण :**

साहित्यको इतिहास लेखन केवल कालक्रमिक घटनाको सूची होइन, त्यो एउटा सजीव सांस्कृतिक प्रवाह हो, जसमा समाज, राजनीति, विचार र भावनाको गहिरो अन्तरक्रिया समावेश हुन्छ । यही सन्दर्भमा विद्वानहरूबीच कालविभाजन सम्बन्धी विभिन्न दृष्टिकोणहरू पाइन्छन् । दयाराम श्रेष्ठले साहित्यको इतिहासलाई 'नदी प्रवाह' सरह मानेका छन् । उनका अनुसार साहित्य सतत परिवर्तनशील छ, जसमा कुनै निश्चित सीमारेखा कोर्नु कृत्रिम प्रक्रिया हो । त्यसैले कालविभाजनलाई उनी व्यवहारिक र अध्ययनको सुविधा दिने माध्यमका रूपमा मात्र हेर्छन्, स्वाभाविक विकासको पूर्ण प्रतिबिम्बका रूपमा होइन । यसै विचारलाई केही फरक शैलीमा बालकृष्ण पोखरेलले पनि प्रस्तुत गरेका छन् । उनका अनुसार कालविभाजन स्वाभाविक प्रक्रिया नभए पनि साहित्यिक अनुसन्धानका लागि उपयोगी युक्ति हो । यसले विश्लेषण र

तुलनात्मक अध्ययनलाई सहज बनाउँछ, यद्यपि साहित्य स्वयं समयभन्दा धेरै गहिरो र जटिल संरचना हो भन्ने उनको मान्यता छ ।

कालविभाजनलाई अझ व्यवस्थित रूप दिनको लागि शरद शर्मा भट्टराईले सातवटा स्पष्ट आधार प्रस्ताव गरेका छन् । शासक वर्ग, साहित्यिक नेता, लोकनायक, साहित्यिक मूलभाव, शताब्दी, राजनीतिक घटना, र ऐतिहासिक कालक्रम यी आधारहरूले कुनै पनि साहित्यिक कालको समग्र परिप्रेक्ष्य बुझ्न र त्यसभित्रका प्रवृत्ति, धाराहरूको पहिचान गर्न महत्वपूर्ण सन्दर्भ दिन्छन् । यसरी, कालविभाजनका बारेमा एकमत नभए पनि अधिकांश विद्वानहरूको धारणा एउटै बिन्दुमा केन्द्रित छ । कालविभाजन स्वाभाविक होइन, तर अध्ययन, अनुसन्धान र विश्लेषणका लागि अपरिहार्य साधन हो । यसले साहित्यको इतिहासलाई चरणबद्ध ढंगले हेर्न, विभिन्न कालखण्डहरूका प्रवृत्तिहरू छुट्याउन र समग्र विकासक्रमलाई बुझ्न गहिरो सघाउ पुऱ्याउँछ ।

**विद्यमान इतिहास लेखन :**

नेपाली नाटकको ऐतिहासिक विकासलाई बुझ्नका लागि केही सशक्त र विश्वसनीय साहित्यिक इतिहासका ग्रन्थहरूले मार्गनिर्देशन गरेका छन् । दयाराम श्रेष्ठको "साहित्यको इतिहास: सिद्धान्त र सन्दर्भ" ले नेपाली साहित्यको समग्र विकासक्रम र नाटक विधाको ऐतिहासिक सन्दर्भलाई सैद्धान्तिक दृष्टिले व्याख्या गर्दछ। यसमा साहित्यिक आन्दोलनहरू, विधागत परिवर्तनहरू र सांस्कृतिक प्रभावहरूलाई विश्लेषण गर्दै नाटकको विकासलाई ऐतिहासिक परिप्रेक्ष्यमा राखिएको छ । त्यस्तै, तारानाथ शर्माको "नेपाली साहित्यको इतिहास" मा नेपाली नाटकको प्रारम्भिक अवस्था, संस्कृत साहित्यको प्रभाव, अनुवाद परम्परा, र मध्यकालीन नाटककारहरूको योगदान उल्लेखनीय ढंगले समेटिएको छ । यो ग्रन्थले नेपाली नाटकको ऐतिहासिक चित्रलाई कालखण्डगत रूपमा स्पष्ट पार्छ । ईश्वर बरालको "झ्यालबाहिर" आधुनिक नेपाली नाटकको विश्लेषणात्मक अध्ययन हो, जसले नाटकमा प्रयोग भएका मनोवैज्ञानिक र दार्शनिक प्रवृत्तिहरूलाई केन्द्रीय रूपमा प्रस्तुत गर्दछ । बरालले नेपाली नाटकलाई केवल साहित्यिक होइन, सामाजिक परिवर्तनको संवाहकका रूपमा हेरेका छन्।मोहनराज शर्माको "नेपाली भाषा व्याकरण र नाटक" ले भाषा, शैली र संवादको दृष्टिकोणबाट नाटकको विकासलाई हेर्छ। विशेषत: नेपाली नाटकमा भाषाको प्रयोग, त्यसको लचकता र दृश्यात्मक प्रयोगमाथि यसले गहिरो दृष्टिकोण दिन्छ। त्यस्तै, उपाध्यायको "नेपाली नाटक र नाटककार" नामक ग्रन्थ नेपाली नाटकको विधागत संरचना, नाटककारहरूको विचारधारा र सिर्जनात्मक योगदानमाथि केन्द्रित छ । यस ग्रन्थमा नाटकको प्रवृत्ति, धारा र प्रमुख स्रष्टाहरूको कार्यलाई तुलनात्मक दृष्टिले विश्लेषण गरिएको छ।यी सबै ग्रन्थहरू नेपाली नाटकको इतिहास लेखनमा आधारशिला स्वरूप छन् । तिनले नाटकको विकासक्रमलाई केवल घटनात्मक सूचीकरणमा सीमित नराखी, त्यसको सामाजिक, भाषिक र सैद्धान्तिक पाटोलाई पनि गहिरो रूपमा उजागर गरेका छन् । यी सन्दर्भग्रन्थहरूको सहयोगले नेपाली नाटकको विगत, वर्तमान र सम्भावित भविष्यलाई समग्र रूपमा बुझ्न सहज बनाएको छ ।

**प्रमुख प्रवृत्तिहरूको समीक्षा :**

नेपाली नाटकको यात्रा कुनै एकनासको छैन; यो यात्रा समयअनुसार बदलिँदो चेतना, मूल्य र अभिव्यक्तिका स्वरूपहरूबाट निर्देशित भएको छ । प्रत्येक कालखण्डले आफ्नै प्रवृत्ति बोकेको छ, जुन केवल नाटकको शिल्पमा होइन, त्यसको आत्मामा पनि परिलक्षित हुन्छ । प्रारम्भिक कालका नाटकहरूमा संस्कृत साहित्यको गहिरो छायाँ देखिन्छ । त्यतिबेला नाटक लेखनभन्दा बढी धर्म, नीति र शिष्टाचारको शिक्षामूलक प्रसार केन्द्रमा थियो। आख्यान-शैली प्रधान हुन्थ्यो, जसमा संवादभन्दा वर्णनको मात्रा बढी हुन्थ्यो । पात्रहरू मनोवैज्ञानिक गहिराइभन्दा बढी धर्मिक कर्तव्यको प्रतिनिधि झैँ प्रस्तुत गरिन्थे। यस कालका नाटकहरूलाई पढ्दा लाग्छ, ती संवाद होइन, उपदेश दिइरहेजस्तो छन् । शैलीमा गम्भीरता छ, तर मञ्चीय गतिशीलता न्यून । माध्यमिक कालमा पुग्दा नाटकहरू केही व्यावहारिक र समाजतर्फ फर्किएका देखिन्छन्। यद्यपि यस समयका धेरै नाटकहरू अझै पनि हिन्दी, उर्दू वा संस्कृत नाटकको अनुवाद वा रूपान्तरणमै केन्द्रित थिए, ती नाटकमा आदर्शवादी दृष्टिकोण प्रधान थियो । पात्रहरू अक्सर सच्चा, सहनशील र धर्मपरायण हुन्छन्, तर ती यथार्थ समाजका प्रतिनिधि कम, आदर्शको मूर्तरूप झैँ देखिन्छन् । वियोगान्तता यस कालको प्रमुख प्रवृत्ति बनेको देखिन्छ । पात्रको दु:ख, त्याग, प्रेम वा मृत्यु नाटकको भावनात्मक मूल धुरी बन्छ । यस्ता नाटकले भावुकता त दिन्छन्, तर समसामयिक यथार्थको पूर्ण चित्रण गर्न चुक्छन् । आधुनिक कालमा आइपुग्दा भने नेपाली नाटक साँच्चिकै “जाग्न” थाल्छ। अब नाटक केवल लेखिन्छन् होइन, समाजलाई नियाल्छन्, चुनौती दिन्छन् र व्यक्तिको अन्तरद्वन्द्वभित्र पस्छन् । मुटुको व्यथा जस्तो नाटकले समाजको यथार्थमाथि प्रश्न उठाउन थालेपछि, नाटक मौलिकता र सशक्त विषयवस्तुतर्फ मोडिएको देखिन्छ । यथार्थवादले मानिसको विडम्बना र अन्यायलाई कलात्मक तरिकाले उजागर गर्न थाल्यो, जहाँ पात्रहरू अब केवल राम्रो-नराम्रोको प्रतिमा नभई, आफ्नो असमञ्जस, लाचारपन, आक्रोश र आशामा बाँचेका जीवित मान्छे बन्छन् । यसै समयदेखि प्रयोगवाद र मनोविश्लेषणात्मक दृष्टिकोणको प्रभाव पनि तीव्र रूपमा देखिन्छ । पात्रहरू अब केवल समाजले थोपरेका मूल्यमा बाँधिएका छैनन् । तिनीहरू आफैँसँग कहिले अपराधबोधसँग, कहिले अस्वीकार गरिएको यथार्थसँग संघर्ष गरिरहेका हुन्छन । अशेष मल्ल, गोविन्द मल्ल गोठालेजस्ता नाटककारहरूले चेतनप्रवाह शैली, बिम्बात्मक भाषा र सन्दर्भात्मक संरचना प्रयोग गरी नाटकलाई शाब्दिक सीमाभन्दा बाहिर पुऱ्याएका छन् । यसरी हेर्दा, नेपाली नाटकको प्रवृत्तिगत समीक्षा गर्दा हामी केवल शैलीको विकास होइन, नेपाली समाजको परिवर्तनशील मानसपटल पनि हेर्दैछौँ । जहाँ नाटककारले समयअनुसार न केवल कथा फेरिरहेका छन्, आफ्ना दृष्टिकोण पनि पुन:लेखिरहेका छन् ।

**सैद्धान्तिक आधार**

नाटक केवल मनोरञ्जनको साधन होइन, यो मनोवैज्ञानिक, सामाजिक र दार्शनिक पक्षको गहिरो प्रस्तुति गर्ने साहित्यिक विधा हो। त्यसैले यसको अध्ययन गर्दा सैद्धान्तिक आधारहरू विशेष महत्त्वका हुन्छन् । यस लेखमा नेपाली नाटकमा देखिने प्रमुख उत्प्रेरणाका सिद्धान्त निम्न अनुसार विश्लेषण गरिएका छन् ।

**फ्रायडको मनोविश्लेषण सिद्धान्त :**

फ्रायडले मानिसको मनलाई चेतन, अर्धचेतन र अचेतन गरी तीन तहमा विभाजन गरेका छन् । चेतन त हामीलाई थाहा भएको स्तर हो, तर अचेतन त्यो अँध्यारो कुनो हो जहाँ दबिएका चाहना, डर, अपराधबोध र यौन संवेदना लुकेका हुन्छन् । नेपाली नाटकमा यी अज्ञात गहिराइहरूमा प्रवेश गर्ने क्रम तीव्र हुँदै गएको छ । उदाहरणका लागि, गोविन्द मल्ल गोठालेको "भूसको आगो" मा प्रमुख पात्र आन्तरिक तनाव र अपराधबोधको गहिराइमा बाँचिरहेको हुन्छ । उसले चाहेर पनि आफूलाई परिवर्तन गर्न सक्दैन, किनकि उसको चेतन कार्य अचेतन मनको छायाँद्वारा निर्देशित भइरहेको हुन्छ । यस्तै विजय मल्लको "जिउँदो लास" मा पनि पात्रको विवशता यति गहिरो देखन्छि कि ऊ जिन्दगीको पीडालाई सहन सक्दैन र मानसिक रूपमा मृतजस्तै बन्छ । नाटकमा त्यो पात्रको मनभित्रको युद्ध हो, जुन कसैले देख्दैन तर पात्रलाई जलाइरहेको हुन्छ ।

**उत्प्रेरणा र समाज :**

मानिसले कुनै निर्णय किन लिन्छ ? किन कसैले विद्रोह गर्छ र किन कसैले सहन्छ ? नेपाली नाटकमा पात्रहरूको व्यवहार प्रायः सामाजिक दबाब, पारिवारिक मूल्य, आर्थिक अभाव वा व्यक्तिगत आकांक्षाबाट उत्प्रेरित देखिन्छ । उदाहरणस्वरूप, "मसान" नाटकका पात्रहरू समाजले बनाएको विभाजन जस्तै धनी र गरिब, उच्च र निम्न वर्गको विरुद्धमा विद्रोह गर्न बाध्य छन् । उनीहरूको आक्रोश कुनै एक क्षणको आवेग होइन, बरु लामो समयदेखि संचित अन्याय र घृणाको विस्फोट हो । यो उत्प्रेरणा उनीहरूको चेतन निर्णय जस्तो लागे पनि मूलतः समाजले थोपरेको अन्यायको प्रतिक्रिया हो ।

**अस्तित्ववाद र विसङ्गतिवाद :**

अस्तित्ववादी दर्शनका अनुसार मानिस स्वतन्त्र छ, तर त्यस स्वतन्त्रतासँगै जिम्मेवारी पनि बोकेको हुन्छ । विसङ्गतिवादले सोधेको हुन्छ जब जीवनमा कुनै स्पष्ट अर्थ छैन, तब बाँच्नुको औचित्य के हो ? सरुभक्तको युद्ध उही ग्यास च्याम्बरभित्र नाटकमा यो गहिरो दर्शन झल्किन्छ । युद्धले मानिसलाई केवल शारीरिक हैन, मानसिक रूपमै ध्वस्त बनाउँछ । पात्रहरू जीवन र मृत्युको सीमारेखामा उभिएका छन्, जहाँ उनीहरूले आफूलाई सोधिरहेका छन् के म जीवित छु ?, के म स्वतन्त्र छु ?, म पीडक कि पीडित ? यी प्रश्नहरू नाटकमा पात्रहरूको भित्रैदेखि आउँछ, र दर्शकलाई पनि झस्काउने बनाउँछन् । अस्तित्ववादी दर्शनले मानिसलाई स्वतन्त्र, स्वनिर्णायक र उत्तरदायी प्राणी मानेको छ । विसङ्गतिवादी धाराले मानवीय पीडा, अस्तित्वको अर्थहीनता र सामाजिक विरोधाभासलाई उजागर गर्छ ।

**प्रयोगवाद र चेतनप्रवाह :**

नेपाली नाटकमा अब कथा सिधा रूपमा भन्नु पर्याप्त छैन । लेखकहरूले अब मनको धारा (stream of consciousness), प्रतीकात्मक दृश्य, चर्को वा मौन संवाद, उल्टो सुल्टो संरचना प्रयोग गर्न थालेका छन् । अशेष मल्ल वा गोपाल पराजुलीका नाटकहरू हेर्ने हो भने पात्रको मनभित्रको यात्रा

नाटकभन्दा पनि एक यात्रा जस्ता लाग्छन्। पात्र बोल्छ जस्तो लाग्छ, तर त्यो बोलाइ सायद उसको अचेतन मनको चिच्याहट हो । घटनाहरूलाई समयरेखामा होइन, भावनात्मक तरङ्गको रूपमा प्रस्तुत गरिन्छ । यी प्रवृत्तिहरूले नाटकलाई सीमित मञ्चीय स्वरूपभन्दा बाहिर लैजाने काम गरेका छन्, जहाँ दर्शकले नाटक 'हेर्नु' मात्र हैन, 'अनुभव' गर्न थाल्छ । कतिपय दर्शकले आफूलाई त्यसभित्र भेटेका हुन्छन् ।

**सांस्कृतिक उत्प्रेरणा :**

सांस्कृतिक उत्प्रेरणा नाटकका पात्रहरूको मूल्यनिर्माण, डर, इच्छा र प्रतिबद्धताको जरो हो ।हाम्रो समाजमा धर्म, परम्परा र सांस्कृतिक मान्यता केवल बाह्य व्यवस्था होइन, ती मानिसको मानसिक संरचना बनाउने आधार हुन् । नेपाली नाटकमा धेरैजसो पात्रको सोँच, निर्णय र द्वन्द्व यिनै संरचनाबाट प्रभावित हुन्छ । उदाहरणका लागि, "सावित्री सत्यवान" जस्ता नाटकमा महिलाको त्याग, निष्ठा र आस्थाले कथा अघि बढाउँछ । तर यी पात्रहरू केवल धार्मिक कथामा सीमित छैनन् । उनीहरू आज पनि नेपाली समाजका धेरै महिलाहरूका प्रतीक हुन्, जसले आफ्नो अस्तित्वलाई समाजका साँचोहरू भित्र समेट्न बाध्य छन् ।

## निष्कर्ष

नेपाली नाटकको इतिहास केवल साहित्यिक लेखनको क्रमिक विकास मात्र होइन, यो समाजको सांस्कृतिक चेतना, विचारको प्रवाह र परिवर्तनको साक्षी बनेको सशक्त अभिव्यक्ति पनि हो । वि.सं. १८५५ मा शक्तिबल्लभ अर्यालको हास्यकदम्ब बाट आरम्भ भएको नेपाली नाटकको यात्रा प्रारम्भिक कालमा संस्कृत साहित्यको गहिरो प्रभाव, वर्णनात्मक शैली र मञ्चीयताको न्यूनतामा सीमित रह्यो । माध्यमिक कालमा अनुवाद र रूपान्तरणमार्फत नाटकले भाषिक, सांस्कृतिक तथा नैतिक आदर्शहरूलाई प्रस्तुत गर्ने माध्यमका रूपमा आफूलाई चिनाउँदै गयो । यद्यपि, त्यस कालमा मौलिकता र मञ्चीय प्रयोग अझै प्रारम्भिक अवस्थामा थियो तर आधुनिक कालको आगमनसँगै नेपाली नाटकले मौलिकता, प्रयोगशीलता, मनोविश्लेषण र यथार्थपरक दृष्टिकोणलाई आत्मसात् गर्दै सशक्त उचाइ लिएको छ । यस कालमा बालकृष्ण समको मुटुको व्यथा, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, गोविन्द मल्ल गोठाले, अशेष मल्ल, सरुभक्तजस्ता नाटककारहरूले नेपाली नाटकलाई विषयवस्तु, शिल्प, संरचना र चेतनाको दृष्टिले समृद्ध बनाएका छन् । हरेक कालखण्डमा देखिएका प्रवृत्तिहरू संस्कृतमा आधारित आख्यान, आदर्शोन्मुख यथार्थ, सामाजिक विसङ्गतिप्रति सचेत यथार्थवाद, मनोविश्लेषणात्मक चित्रण र प्रयोगवादी अभिव्यक्तिहरूले नेपाली नाटकको बहुआयामिक स्वरूपलाई स्पष्ट पारेका छन्। नेपाली नाटक केवल मनोरञ्जनको माध्यम होइन, यो सामाजिक, राजनीतिक र सांस्कृतिक विमर्शको प्लेटफर्म बनिसकेको छ । यसले समाजका भित्री तहमा लुकेका प्रश्नहरूलाई उजागर गर्नेदेखि लिएर मानिसभित्रको मनोविज्ञानसम्मलाई कलात्मक रूपले प्रस्तुत गर्दै आएको छ । अझ रोचक कुरा त के छ भने, आजको डिजिटल युगमा दृश्य र श्रव्य संयोजन, स्क्रिप्ट र ड्रिवन नाट्य संरचना साथै प्रविधिको प्रयोगले नेपाली नाटकमा नयाँ ऊर्जा भर्ने संकेत देखिएको छ ।

त्यसैले, नेपाली नाटक अब केवल एक शैक्षिक पाठ्यवस्तु होइन, यो चेतना, सिर्जना, सामाजिक उत्तरदायित्व र कला-संवेदनाको शक्तिशाली संयोजन बनेको छ । यसको भविष्य प्रविधि र नवप्रयोगसँगै अझ समृद्ध, सशक्त र बहुआयामिक बन्ने विश्वास गर्न सकिन्छ ।

**सन्दर्भ सूची**


उपाध्याय, केशवप्रसाद (२०६१),*नेपाली नाटक र नाटककार,* साझा प्रकाशन ।

उप्रेती, कृष्णशरण,(२०६०),*नेपाली साहित्यको विमर्श,* बुकहिल पब्लिकेसन ।

गौतम, ध्रुवचन्द्र (२०५८), *साहित्य चिन्तन,* भृकुटी पुस्तक भवन ।

गौतम, मणिप्रसाद (२०६७),*नाटक र प्रवृत्ति,* भाषा साहित्य प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६९),*नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, डा. भुवनहरि (२०७२), *नेपाली नाटकको शिल्प,* साप्ताहिक प्रकाशन ।

घिमिरे, डा. विष्णु (२०७५), *समकालीन नेपाली नाटक* , पद्मा पुस्तक ।

पोखरेल, बालकृष्ण (२०३१), *पाँच सय वर्ष,* साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०३१), *नेपाली साहित्यको समीक्षा* ,साझा प्रकाशन ।

बिकल, रमेश (२०४५), *समाज र साहित्य,* साझा प्रकाशन ।

भट्टराई, रामप्रसाद  र कँडेल, श्रीप्रसाद (२०६५), *नेपाली नाटक एकाङ्की र निबन्ध,* शुभकामना प्रकाशन ।

भट्टराई, शरदचन्द्र शर्मा (२०६१), *प्राचीन नेपाली गद्याख्यान,* साझा प्रकाशन ।

भट्टराई, शरदचन्द्र शर्मा (२०६१),*साहित्यिक समालोचना,* मञ्जुश्री प्रकाशन ।

वाग्ले, मोहनराज (२०२४),*नेपाली कथाको इतिहास प्रमुख धारा, प्रतिभा र प्रवृत्ति,* Voice, १६(१), १५४-१६७ ।

शर्मा, मोहनराज (२०६०), *नेपाली भाषा व्याकरण र नाटक,* एम के पब्लिकेसन्स ।

श्रेष्ठ, दयाराम (२०६५), *साहित्यको इतिहास: सिद्धान्त र सन्दर्भ,* पालुवा प्रकाशन ।